**प्रस्तावहरु :**

१. कोभिड–१९ को नयाँ भेरियन्ट सम्बन्धि प्रचार प्रसार, मापदण्ड तथा परिक्षण सम्बन्धमा

२. आइसोलेसन केन्द्र तथा क्वारेन्टिन व्यवस्थापन र संचालन सम्बन्धमा

३. शैक्षिक संस्थाहरु संचालन सम्बन्धमा

४. विविध

**निर्णयहरु :**

१. नयाँ भेरियन्ट सहितको कोभिड–१९ संक्रमण बढ्दै गएको सन्दर्भमा नेपाल सरकार मन्त्री परिषदको मं.प. बै. स. १/०७८ मिति २०७८/०१/०६ गते को निर्णय तथा मिति २०७८/०१/०७ को जिल्ला संकट व्यवस्थापन समिति धनुषाको निर्णयलाई पूर्णरुपमा कार्यान्वियन गर्ने गराउनको लागि आवश्यक तयारी गर्ने निर्णय गरियो ।

२. यस जनकपुरधाम उप-महानगरपालिका अन्तर्गत संचालित सामुदायिक तथा संस्थागत विद्यालयहरु सम्बन्धमा नेपाल सरकारको मिति २०७८/०१/०६ को निर्णय र जिल्ला संकट व्यवस्थापन समितिको मिति २०७८/०१/०७ को निर्णय अनुसार २०७८ साल बैशाख मसान्तसम्म भौतिक रुपमा उपस्थित नभइ भर्चुअल वा वैकल्पिक शिक्षण सिकाईका विधिहरु अपनाई शैक्षिक गतिविधि संचालन गर्ने र परीक्षाको सम्बन्धमा शुरु भइसकेको परीक्षालाई मात्र स्वास्थ्यको मापदण्ड पालना गर्नेगरी २०७८ बैशाख १० गतेभित्र सम्पन्न गर्ने व्यवस्था मिलाउन निर्णय गरियो ।

३. पालिकास्तरबाट कोभिड–१९ को सन्दर्भमा आवश्यक सुरक्षाका मापदण्डहरु जस्तै : मास्कको सहि तरिकाले नियमित प्रयोग गर्ने, कम्तिमा २ मिटरको भौतिक दुरी कायम राख्ने, बेला बेलामा सेनिटाइजरको प्रयोग गर्ने र साबुन पानीले मिची मिची कम्तिमा २० सेकेन्डसम्म हात धुनका लागि संचारका विविध माध्यमहरुद्वारा व्यापक प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

४. नगर भित्र बढी भिडभाड तथा सार्वजनिक स्थलमा कोभिड–१९ को जोखिमयुक्त क्षेत्रहरुमा आवश्यकतानुसार जनकपुरधाम उप–महानगरपालिकाले सिटी सेनिटाइजेसन अभियान संचालन गर्न आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

५. जनकपुरधाम उप–महानगरपालिकाको परिसर भित्र, बस पार्क तथा एयरपोर्टमा कोभिड–१९ को लागि हेल्थ डेस्कहरु स्थापना गरी हटलाइन सेवा संचालन एवम् व्यवस्थापन कार्य गर्ने निर्णय गरियो ।

६. यस उ.म.न.पा. वडा नं. ४ स्थित गोपाल धर्मशालामा कम्तिमा ३० शैयाको आइसोलेसन केन्द्र व्यवस्थापन गर्न आवश्यक सामग्रीहरू खरिद गरि खानासहितको व्यवस्था मिलाउने र आवश्यकतानुसार वडाहरुमा क्वारेन्टाइन केन्द्रहरु स्थापनाको लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

७. कोभिड नियन्त्रण तथा रोकथामका लागि यस पालिकामा RRT (द्रुत प्रतिकार्य समुह) गठन गरी परिचालन गर्ने निर्णय गरियो ।

८. यस उ.म.न.पा. अन्तर्गतका वडाहरुमा रहेका विपन्न, गरिब र असहाय व्यक्तिहरुलाई लक्षित गरी मास्क र साबुन को व्यवस्था मिलाउन जनकपुरधाम उ म न पा को बजेटबाट खरिद गरि व्यवस्थापन गर्ने निर्णय गरियो ।

९. जनकपुरधाम उपमहानगरपालिका तथा यस अन्तर्गतका कार्यालयहरुमा पी पी ई सहितका सुरक्षा सामग्रीहरू (मास्क, ग्लोभ, सेनिटाईजर, ह्याण्ड वास, साबुन, आदि) आवश्यकतानुसार नगर विपद व्यवस्थापन कोषबाट खर्च व्यहोर्ने गरि खरिद गर्ने निर्णय गरियो।

१०. क्वारेन्टिन, आइसोलेसन, केस इन्भेस्टिगेसन, कन्ट्याक्ट ट्रेसिंग, उपचार व्यवस्थापन, परिक्षण लगायतका कार्यका लागि अत्यावश्यक सामग्री खरिद तथा जनशक्ति परिचालनको लागि आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

११. कोभिड-१९ को स्वाब परिक्षणको लागि शंकास्पद व्यक्तिको पी सी आर परिक्षण प्रादेशिक प्रयोगशालासँग समन्वय गरी परिक्षण गराउने व्यवस्था गर्ने निर्णय गरियो ।

१२. कोभिड-१९ को दोश्रो चरणलाई मध्ये नजर गरी विशेष सरसफाई कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।